नेपाल सरकार

शान्ति तथा पुनर्निर्माण मन्त्रालय सिंहदरबार,काठमाण्डौ ।

**(मासिक मिट द प्रेस कार्यक्रममा २०७० साल फागुन ५ गते सोमबार प्रस्तुत)**

**यस मन्त्रालय र मातहतका निकायबाट चालु आ.व.मा सम्पन्न भएका कियाकलापको सार संक्षेप**

- मन्त्रालयको रणनीति र कार्यजयोजना निर्माणको लागि सचिवको संयोजकत्वमा निर्देशन समिति र सहसचिवको संयोजकत्वमा कार्य समिति गठन गरिएको ।
- गा.वि.स. र नगरपालिकामा गठन भएका शान्ति समितिहरुका लागि कार्यक्रम सञ्चालन सम्वन्धी मार्गदर्शन स्वीकृत गरी २६७३ गा.वि.स. लाई २२,०००।- र ४६ नगरपालिकाका लागि ४३,०००।- का दरले अख्तियारी पठाइएको ।
- बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश व्यवस्थापिका संसदमा टेवुल गरिएको ।
- शान्ति प्रक्रिया सहयोग आयोजनाको लागि विश्ववैंकबाट म्याद थप नभएकोले १९ जिल्लाहरुमा द्वन्द्वपीडितका लागि सञ्चालन गर्ने रोजगार/स्वरोजगार कार्यक्रम सञ्चालनको लागि गरिएको सम्पूर्ण खरिद प्रकृया रद्द गरिएको ।
- मनोसामाजिक परामर्श सेवा कार्यक्रमको Field Implementation Manual तयारीको क्रममा रहेको ।
- विभिन्न मन्त्रालय, आयोग र केन्द्रीय निकायका शान्ति सम्पर्क व्यक्ति (Peace Focal Person) लाई स्थानीय स्तरमा भएका शान्ति प्रक्रिया र प्रबर्द्धनका सम्वन्धमा स्थलगत अन्तरक्रिया गर्न सहसचिवको नेतृत्वमा प्रथम टोली दाङ्ग र रोल्पा, दोश्रो टोली रुपन्देही र पाल्पा खटाईएको र तेस्रो टोली मोरङ्ग र धनकुटामा खटाउने प्रकृया अघि बढाइएको ।
- संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनको लागि स्वीकृत राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न तेह्रथुम, भोजपुर र संखुवासभाको जिल्ला समन्वय समितिसंग अन्तरकृया गरिएको ।
- नेपाल सरकार कार्य सम्पादन नियमावली, २०६९ वमोजिम मन्त्रिपरिषद्मा २ वटा प्रस्ताव पेश गरिएकोमा राहत तथा पुनस्थापन इकाइको लागि अस्थायी दरवन्दी सृजना गर्ने प्रस्ताव स्वीकृत भएको ।
- हेलो सरकारको गुनासो फछ्र्यौट हुन बाँकी नरहेको ।
- कूल बेरुजु ३९ करोड ६८ लाख ४० हजार मध्ये ४.३२ प्रतिशत फछ्र्यौट भएको तथा ९ करोड सम्परीक्षणको लागि लेखि गएको ।
- आ.व.२०७०/७१ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको प्रगति समिक्षा मासिक रुपमा भइरहेको ।

(विनोद के.सी.)
सहसचिव/प्रवक्ता